# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल

मिति : २०८०/०३/१५

पत्र संख्या :- ०७९/०८०
चलानी नं :- 2332

विषय : आवश्यक कारवाही सम्बन्धमा ।

श्री वडा कार्यालय सबै (१-११ नं.वडा)
मिथिला नगरपालिका, धनुषा ।

उपरोक्त सम्बन्धमा जन्मसिद्ध नागरिकता प्रमाणपत्र प्राप्त गरेको नेपाली नागरिकको सन्तानलाई नयाँ नागरिकता प्रदान गर्न सिफारिस गर्दा जि.प्र.का.धनुषाको च.नं.११०२० मिति २०८०/०२/२१ को पत्र बमोजिमको विवरण अनुसार सिफारिस नगरिँदै आएकोमा पुनः जिल्ला प्रशासन कार्यालय धनुषा, जनकपुरधामको प.सं.०७९/०८०(प्रशा.) चलानी नं.१२२१८ मिति २०८०/०३/१४ गतेको पत्रबाट थप व्यहोरा स्पष्ट हुने गरि सिफारिस गरि दिनुहुन भनि लेखि आएकोले थप हुने व्यहोराको आवश्यक कारवाहीको लागि जिल्ला प्रशा.का.धनुषाको पत्र यसै साथ संलग्न गरि पठाइएको व्यहोरा अनुरोध छ ।

बसन्त न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
कार्यालय :-०४१-४२००७५
०४१-४२०५१०
E-mail : daodhanusha@moha.gov.np

# जिल्ला प्रशासन कार्यालय, धनुषा

जनकपुरधाम

पत्र संख्या : ०७९/०८०(प्रशा.)
चलानी नं.: १२२१८

मितिः- २०८०/०३/१४

श्री स्थानीय तह सबै,
धनुषा ।

विषयः- सिफारिश सम्बन्धमा ।

प्रस्तुत विषयमा जन्मको आधारका सन्तानहरुको नागरिकता सिफारिश सम्बन्धी यस कार्यालयबाट पत्राचार गरिसकेको व्यहोरा विदितै छ । सो बाहेक तपसिलमा उल्लिखित व्यहोरा सिफारिश गर्न/गराउनु हुन आदेशानुसार अनुरोध छ ।

तपसिल

१ स्थायी बसोबास प्रमाणित (परिवारको फोटो सहित) वडा समितिबाट

२. वडा सर्जमिन मुचुल्कामा सनाखत गर्ने व्यक्तिले २०६३ भन्दा अगाडी नागरिकता प्राप्त गरेको हुनुपर्ने ।

३. घर/जग्गाको चारकिल्ला प्रमाणित विवरण (छिमेकीहरुको नाम सहित वडाबाट प्रमाणित)

४. बसाईसराई भई आएको हकमा जुन स्थानबाट जन्मको आधारमा नागरिकता प्राप्त गरेको हो सो स्थानको वडाबाट बसाईसराई हुनु भन्दा अगाडी स्थाई बसोवास रहेको व्यहोरा ताहांको वडा समितिबाट प्रमाणित गर्नुपर्ने ।

५. २०६३ सालमा जन्मको आधारमा नागरिकता प्राप्त गर्नु भन्दा अगाडी निजको परिवार नेपालमा बसोवास गरिरहेको व्यहोरा खुल्ने कुनै सरकारी कागजात सहित निवेदन पेश गर्नुपर्ने ।

२०८०/३/१४

(मुकेश कुमार केशरी)
सहायक प्रमुख जिल्ला अधिकारी